別紙 1


मेट्रोपोलिटन हाई स्कूल आदिमा अध्ययनरत हाई स्कूलका विद्यार्थीहरू भएका परिवारहरूका लागि

रेइवा ८ (सन् २०२६) शैक्षिक वर्ष

सामान्य भुक्तानी

टोक्यो राष्ट्रीय तथा सार्वजनिक हाई स्कूलहरू आदि

"अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति (奨学のための給付金)" प्रणालीको जानकारी



"अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति (奨学のための給付金)" भन्नाले ट्युशन शुल्क बाहेकका अन्य शैक्षिक खर्चहरू (पाठ्यपुस्तक, शैक्षिक सामग्री, विद्यालयका सामानहरू, अतिरिक्त क्रियाकलाप शुल्क आदि) को भार कम गर्नका लागि फिर्ता गर्नु नपर्ने सहयोग रकम (निश्चित रकम) अभिभावकको बैंक खातामा जम्मा गरिने प्रणाली हो।

रेइवा ८ (सन् २०२६) शैक्षिक वर्षदेखि वार्षिक आय करिब ४९ लाख येन (आयमा आधारित कर १८२,५०० येन भन्दा कम) भएका परिवारहरूसम्म यसको दायरा विस्तार गरिएको छ।

*उल्लेख गरिएको वार्षिक आय केवल एक अनुमान मात्र हो। आश्रित परिवारका सदस्यहरूको सङ्ख्या अनुसार बसोबास करको आयआधारित अंश (住民税所得割額) फरक हुने भएकोले, वार्षिक आम्दानी ४९ लाख येन वा सोभन्दा बढी भए पनि यो छात्रवृत्ति पाउन योग्य हुन सक्छन्।

※ "अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति (奨学のための給付金)" का लागि आवेदन नदिने व्यक्तिहरूले आवेदन प्रक्रिया पूरा गर्नु पर्दैन, तर विद्यालयको निर्देशन अनुसार 'आवेदन नगर्ने मनसाय पुष्टि पत्र (不申請意向等確認書)' बुझाउनु पर्नेछ।

※ यसको आवेदन पेश गर्ने म्याद र योग्यताको मापदण्ड आदि "अध्ययन सहयोग भत्ता (就学支援金)" र "अनुदान प्रकृतिको छात्रवृति (給付型奨学金)" को भन्दा फरक हुन्छ। कृपया राम्ररी पुष्टि गर्नुहोस।

1 लक्षित परिवार वर्ग पुष्टि शीट

रेइवा ८ (सन् २०२६) जुलाई १ को मितिमा, अभिभावक आदि (※1.) टोक्योमा बसोबास गर्दै हुनुहुन्छ?

हो → होइ → आफू बसोबास गर्ने प्रिफेक्चरमा आवेदन दिनुहोस्। प्रत्येक प्रिफेक्चर अनुसार आवेदन पेश गर्ने म्याद र आवश्यक कागजातहरू फरक हुने भएकोले, चाँडो भन्दा चाँडो आफ्नो प्रिफेक्चरको कार्यालयमा सम्पर्क गर्नुहोस्।

रेइवा ८ (सन् २०२६) जुलाई १ को मितिमा, अभिभावक आदिले सार्वजनिक जीवनयापन सहायता (जीविका सहायता) भत्ता प्राप्त गरिरहनुभएको छ?

हो → यो "सार्वजनिक जीवनयापन सहायता (जीविका सहायता) भत्ता प्राप्त घरपरिवार"को भुक्तानी रकम हो।

होइ →

रेइवा ७ (सन् २०२५) मा **अभिभावकहरू सबै**को कुल वार्षिक आय करिब ४९ लाख येन भन्दा कम छ? (घरायसी आर्थिक अवस्था अचानक परिवर्तन भएर आम्दानी धेरै घटेको र अभिभावकहरूको कुल वार्षिक आय करिब ४९ लाख येन भन्दा कम हुने अनुमान गरिएको अवस्था पनि यसमा समावेश छ)

※ करिब ४९ लाख येन भन्दा कम वार्षिक आय भन्नाले रेइवा ८ (सन् २०२६) आर्थिक वर्षको प्रान्तीय निवासी करको आयआधारित अंश तथा नगरपालिका निवासी करको आयआधारित अंशको कुल रकम १८२,५०० येन भन्दा कम भएका घरपरिवारलाई बुझाउँछ।

हो → यो "सार्वजनिक जीवनयापन सहायता (जीविका सहायता) भत्ता प्राप्त घरपरिवार"को भुक्तानी रकम हो।

होइ → यस प्रणालीका लागि योग्य हुनुहुँदैन। ※ घरायसी आर्थिक अवस्था अचानक परिवर्तन भएमा जुनसुकै बेला पनि आवेदन दिन सकिनेछ। विस्तृत जानकारीका लागि "8 सम्पर्क/सोधपुछ" मा सम्पर्क गर्नुहोस्।

विद्यार्थी स्वयम् रेइवा ८ (सन् २०२६) जुलाई १ को मितिमा तलका मध्ये कुनै विद्यालयमा अध्ययनरत हुनुभएको छ?

A राष्ट्रीय तथा सार्वजनिक हाई स्कूलको पूर्णकालिक (फुल-टाइम) पाठ्यक्रम, अंशकालिक (पार्ट-टाइम) पाठ्यक्रम वा माध्यमिक शिक्षा विद्यालयको दोस्रो सेमेस्टरको पाठ्यक्रम

B राष्ट्रीय तथा सार्वजनिक हाई स्कूलको पत्राचार (दूरी शिक्षा) पाठ्यक्रम

A चयन गरेमा → यो "करमुक्त घरपरिवार (**पूर्णकालिक प्रणाली / अंशकालिक प्रणाली**)" वा "वार्षिक आय करिब २७ लाख देखि ४९ लाख येन भएका घरपरिवार (**पूर्णकालिक प्रणाली / अंशकालिक प्रणाली**)" को भुक्तानी रकम हो।
आय-आधारित करको रकम अनुसार भुक्तानी रकम फरक हुन्छ। विस्तृत जानकारीका लागि अर्को पृष्ठ हेर्नुहोस्।

B चयन गरेमा → यो "करमुक्त घरपरिवार (**पत्राचार प्रणाली**)" वा "वार्षिक आय करिब २७ लाख देखि ४९ लाख येन भएका घरपरिवार (**पत्राचार प्रणाली**)" को भुक्तानी रकम हो।
आय-आधारित करको रकम अनुसार भुक्तानी रकम फरक हुन्छ। विस्तृत जानकारीका लागि अर्को पृष्ठ हेर्नुहोस्।

(※1.) अभिभावक आदि भन्नाले, सामान्यतया विद्यार्थीको अभिभावकीय अधिकार भएको व्यक्तिलाई जनाउँछ। अभिभावकीय अधिकार भएको व्यक्ति नभएमा, विद्यार्थीको मुख्य जीविकोपार्जन गर्ने व्यक्तिलाई जनाउँछ।

(※2.) पछाडिको पानामा रहेको "3 योग्य व्यक्तिहरूको विस्तत विवरण" को शर्तहरू पूरा नभएमा, यो सहायता पाउन सकिने छैन।

東京都教育委員会

2 भुक्तानी रकम (वार्षिक)

	वार्षिक रकम	
	पूर्णकालिक प्रणाली / अंशकालिक प्रणाली	पत्राचार प्रणाली
सार्वजनिक जीवनयापन सहायता (जीविका सहायता) भत्ता प्राप्त घरपरिवार	३२,३०० येन	३२,३०० येन
करमुक्त घरपरिवार	१४३,७०० येन	५०,५०० येन
वार्षिक आय २७ लाख देखि ३८ लाख येन भएका घरपरिवार	४७,९०० येन	१६,८३० येन
वार्षिक आय ३८ लाख देखि ४९ लाख येन भएका घरपरिवार	३५,९३0 येन	१२,६३० येन

※ रेइवा ८ (सन् २०२६) सेप्टेम्बर १५ सम्ममा आवेदन दिनुभएमा, भुक्तानी रेइवा ८ (सन् २०२६) डिसेम्बरको आसपासमा हुने योजना गरिएको छ।

※ विपद् आदिका कारण अनिवार्य रूपमा लगाउनुपर्ने विद्यालयको पोशाक (युनिफर्म) हराएमा वा क्षति पुगेर पुन: खरिद गर्नुपर्ने भएमा, अतिरिक्त रकम (थप रकम) पाउन भुक्तानीका लागि आवेदन दिन सकिन्छ। अतिरिक्त रकमका लागि आवेदन दिन चाहने व्यक्तिहरूले कृपया "8 सम्पर्क/सोधपुछ" मा सम्पर्क गर्नुहोस्।

※ वार्षिक आय २७ लाख देखि ४९ लाख येन सम्म भएको घरपरिवारको वर्गमा, हाई स्कूल आदि नयाँ अध्ययन सहयोग भत्ता (高等学校等就学支援金) [नयाँ प्रणाली] वा पुनः अध्ययन सहयोग भत्ता (学び直し支援金) [नयाँ प्रणाली] पाउन योग्य व्यक्तिहरू मात्र पर्नुहुनेछ।

3 योग्य व्यक्तिहरूको विस्तृत विवरण

रेइवा ८ (सन् २०२६) जुलाई १ (सन्दर्भ मिति) को मितिमा, तलका शर्तहरू पूरा गर्नुभएका अभिभावक आदि

1

हाई स्कूल आदि नयाँ अध्ययन सहयोग भत्ता (高等学校等就学支援金), हाई स्कूल विद्यार्थी आदि नयाँ अध्ययन सहयोग भत्ता (高校生等・新修学支援金) वा पुनः अध्ययन सहयोग भत्ता (学び直し支援金) प्राप्त गर्न योग्य राष्ट्रीय तथा सार्वजनिक हाई स्कूल आदिमा अध्ययनरत विद्यार्थी भएको हुनुपर्ने।

※ यदि हाई स्कूलका विद्यार्थी बाल संरक्षण गृह आदिमा बसेका छन् वा पालनपोषण गर्ने अभिभावक संगै धर्मपुत्र/धर्मपुत्रीको रूपमा राखिएका छन् साथै उनीहरूका लागि सरकारी खर्च (शैक्षिक भ्रमण खर्च वा विशेष हेरचाह खर्च) प्रदान गरिएको छ भने, उनीहरू यस प्रणालीका लागि योग्य हुने छैनन्।

※ यदि दाजुभाइ तथा दिदीबहिनीहरू मध्ये एकभन्दा बढी व्यक्ति यस प्रणालीका लागि योग्य छन् भने, कृपया प्रत्येकको छुट्टाछुट्टै आवेदन दिनुहोस्।

2

अभिभावक आदिको ठेगाना टोक्यो महानगर भित्र हुनुपर्ने।

※ यदि अभिभावक आदिको ठेगाना टोक्यो बाहिर छ भने, बसोबास गर्ने प्रिफेक्चरमै आवेदन दिन सकिन्छ।

※ विद्यार्थी स्वयम् टोक्यो बाहिरको राष्ट्रीय तथा सार्वजनिक हाई स्कूल आदिमा अध्ययनरत भए तापनि, अभिभावक आदिको ठेगाना टोक्यो भित्र छ भने, टोक्यो महानगर शिक्षा समितिमै आवेदन बुझाउनु पर्छ।

3

सार्वजनिक जीवनयापन सहायता भत्ता (生活保護) प्राप्त गर्ने घरपरिवार वा सबै अभिभावकहरूको प्रान्तीय निवासी करको आयआधारित अंश तथा नगरपालिका निवासी करको आयआधारित अंशको कुल रकम १८२,५०० येन भन्दा कम भएको प्रमाणित गर्न सक्ने हुनुपर्ने।
अथवा, अभिभावकको जागिर गुमेको, टाट पल्टेको आदि घरायसी आर्थिक अवस्थामा अचानक आएको परिवर्तनका कारण आम्दानीमा ठूलो गिरावट आई सबै अभिभावकहरूको प्रान्तीय निवासी करको आयआधारित अंश तथा नगरपालिका निवासी करको आयआधारित अंशको कुल रकम १८२,५०० येन भन्दा कम हुने अनुमान गरिएको हुनुपर्ने।

※ कुनै कारणवश कर प्रमाणपत्र आदि प्राप्त गर्न नसकिएमा वा करको रकम पुष्टि गर्न नसकिएमा, यो प्रणालीको दायरामा परिने छैन।

※ विपद् आदि बाहेकका अन्य कारणले जागिर छोडेको अवस्था (जस्तै: उमेरको हदबन्दीका कारण अनिवार्य अवकाश) घरायसी आर्थिक स्थितिमा अचानक आएको परिवर्तन अन्तर्गत पर्ने छैन।

※ वार्षिक आय २७ लाख देखि ४९ लाख येन सम्म भएको घरपरिवारको वर्गमा, हाई स्कूल आदि नयाँ अध्ययन सहयोग भत्ता (高等学校等就学支援金) [नयाँ प्रणाली] वा पुनः अध्ययन सहयोग भत्ता (学び直し支援金) [नयाँ प्रणाली] पाउन योग्य व्यक्तिहरू मात्र पर्नुहुनेछ।

4 बारम्बार सोधिने प्रश्नहरू

Q1

आय-आधारित करको रकम १८२,५०० येन भन्दा कम छ भन्ने कुरा कसरी थाहा पाउन सकिन्छ?

A1

तपाईंले काम गर्ने कम्पनी आदिबाट प्राप्त हुने 'विशेष कर कट्टी विवरण पत्र (特別徴収税額通知書)' वा आफू बस्ने नगरपालिकाबाट पठाइने 'बसोबास कर भुक्तानी सूचना पत्र (住民税納税通知書)' मार्फत पुष्टि गर्न सक्नुहुन्छ। यदि तपाईंसँग यी कागजातहरू छैनन् भने, रेइवा ८ (सन् २०२६) जनवरी १ को मितिमा आफू बसोबास गरेको नगरपालिकाको कार्यालय आदिबाट रेइवा ८ (सन् २०२६) आर्थिक वर्षको बसोबास कर (करमुक्त) प्रमाणपत्र (住民税 (非) 課税証明書) जारी गरी पक्का गर्नुहोस्।



Q2

म वैदेशिक रोजगारी/कामको सिलसिलामा विदेशमा भएकाले जापान भित्र मेरो ठेगाना छैन। मैले 'अध्ययन सहयोग भत्ता (就学支援金)' प्राप्त गरिरहेको छु, के मैले 'अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति (奨学のための給付金)' पनि प्राप्त गर्न सक्छु?

A2

'अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति (奨学のための給付金)' प्राप्त गर्नका लागि सबै अभिभावकहरू आदिको ठेगाना जापान भित्र हुनुपर्ने छ। यदि कामको सिलसिलामा विदेशमा रहनुभएको छ र अभिभावकहरू मध्ये कुनै एक जनाको पनि ठेगाना जापान भित्र छैन भने, तपाईं 'अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति (奨学のための給付金)' भुक्तानीका लागि योग्य हुनुहुने छैन। तथापि, रेइवा ८ (सन् २०२६) जुलाई १ को मितिमा, अभिभावक मध्ये एक जनाको ठेगाना टोक्यो भित्र छ र सबै अभिभावकको रेइवा ८ (सन् २०२६) आर्थिक वर्षको प्रान्तीय निवासी करको आयआधारित अंश तथा नगरपालिका निवासी करको आयआधारित अंशको कुल रकम १८२,५०० येन भन्दा कम भएको प्रमाणित गर्न सकिएमा, यस प्रणालीका लागि योग्य हुनुहुनेछ।



Q3

मैले अन्तिम कर फिर्ती निवेदन (確定申告) गरेको छैन, के मैले आवेदन दिन सक्छु?

A3

यदि तपाईंले अन्तिम कर फिर्ती निवेदन (確定申告) गर्नुभएको छैन भने, बसोबास कर प्रमाणपत्र (住民税課税証明書) पेश गर्न वा माई नम्बर (マイナンバー) मार्फत करको रकम पक्का गर्न नसकिने हुनाले बसोबास कर १८२,५०० येन भन्दा कम छ कि छैन भनी पुष्टि गर्न सकिँदैन र आवेदन दिन मिल्दैन। कृपया चाँडो भन्दा चाँडो अन्तिम कर फिर्ती निवेदन (確定申告) प्रक्रिया गर्नुहोस्। तथापि, रेइवा ८ (सन् २०२६) जुलाई १ को मितिमा सार्वजनिक जीवनयापन सहायता (जीविका सहायता) भत्ता प्राप्त गरिरहनुभएको छ भने, अन्तिम कर फिर्ती निवेदन (確定申告) गरिरहनु आवश्यक पर्दैन, त्यसैले जीविका सहायता भत्ता प्राप्त प्रमाणपत्र (生業扶助受給証明書) आदि पेश गर्नुहोस्।



Q4

मैले जुलाई १ पछि विद्यालय अर्को विद्यालयमा सरुवा भएँ (वा विद्यालय छोडें), के मैले आवेदन दिन सक्छु? साथै, आवेदन दिन सकिने अवस्थामा, के सरुवा भएको नयाँ विद्यालयमा बुझाउँदा हुन्छ?

A4

आवेदन दिन सकिन्छ। जुलाई १ को मितिमा तपाईं जुन विद्यालयमा अध्ययनरत हुनुहुन्थ्यो, त्यही विद्यालयमा आवेदन बुझाउनुहोस्।



Q5

घरायसी आर्थिक अवस्थामा अचानक परिवर्तन आएको कारण पुष्टि गर्ने कागजातहरू के-के पर्दछन्?

A5

यसमा काम छोडेको पर्ची (離職票), रोजगार बीमा प्राप्त गर्न योग्यता प्रमाणपत्र (雇用保険受給資格者証), कामबाट बर्खास्त गरिएको पत्र (解雇通告書), टाट पल्टेको घोषणा पत्र (破産宣告通知書), व्यवसाय बन्द गरेको विवरण पत्र (廃業等届出) आदि समावेश छन्।

माथिका कागजातहरू पेश गर्न गाह्रो भएमा, व्यवसाय बन्द भएको/बिदाको सूचना वा काम गर्ने दिनहरूमा ठूलो गिरावट आएको तालिका (सिफ्ट तालिका) जस्ता घरायसी आर्थिक अवस्थामा अचानक आएको परिवर्तनको बारेमा पुष्टि गर्न सकिने कागजात पेश गर्नुहोस्।



別紙1

5 आवेदन प्रक्रिया

सबै आवेदकहरू

आवेदनको लागि अनलाइन आवेदन दिनु र आवश्यक कागजातहरू पेश गर्नु दुवै आवश्यक

अनलाइन आवेदन प्रणाली (オンライン申請システム)

सञ्चालन म्यानुअल (操作マニュアル)

कृपया "4 सञ्चालन म्यानुअल तथा भिडियो" हेर्नुहोस्।

1 मेट्रोपोलिटन हाई स्कूल अनलाइन आवेदन स्वीकृति प्रणाली मार्फत भत्ताको लागि आवेदन दिने

① अनलाइन आवेदन प्रणाली मार्फत पहिलो पटक आवेदन गर्दै हुनुहुन्छ भने, विद्यालयबाट वितरण गरिएको "प्रणाली प्रयोग सुरु गर्ने सम्बन्धी सूचना" अनुसार लगइन ID बनाउनुहोस् र विद्यार्थीको विवरण दर्ता गर्नुहोस्। (यदि पहिले नै दर्ता भइसकेको छ भने, लगइन ID र पासवर्ड प्रयोग गरी लगइन गर्नुहोस्।)

② अनलाइन आवेदन प्रणालीम मार्फत भत्ता प्राप्त गर्नको लागि आवेदन दिनुहोस्।

(अनलाइन आवेदन साइटको URL) https://schfeentry.kyoiku.metro.tokyo.lg.jp

लगइन ID एक पटक दर्ता गरेपछि परिवर्तन गर्न सकिँदैन। कृपया ID नबिर्सनुहोला।
साथै, लगइन गर्दा हरेक पटक दर्ता गरिएको इमेल ठेगानामा पुष्टि कोड पठाइने भएकाले, सधैँ प्रयोग गरिने इमेल ठेगाना प्रयोग गर्नुहोस्।

2 बैंक खाता हस्तान्तरण निवेदन पत्र (☆) + बैंक खाताको पुस्तक (पासबुक) को प्रतिलिपि

(वित्तीय संस्थाको कोड, शाखा कोड, खाता नम्बर र खातावालाको नाम पुष्टि गर्न सकिने पृष्ठ)

सार्वजनिक जीवनयापन सहायता (जीविका सहायता) भत्ता प्राप्त घरपरिवार

3 सार्वजनिक जीवनयापन सहायता (जीविका सहायता) भत्ता प्राप्त घरपरिवार

- "जीविका सहायता भत्ता प्राप्त" आदि उल्लेख गरिएको छ भने, कल्याणकारी कार्यालयबाट जारी गरिएको सार्वजनिक जीवनयापन सहायता भत्ता प्राप्त प्रमाणपत्र पेश गर्न पनि सकिन्छ।
- अभिभावकसँग सम्बन्धित "भुक्तानी सुरु भएको मिति" "रेइवा ८ (सन् २०२६) जुलाई १" वा सोभन्दा अघिको मिति उल्लेख गरिएको र प्रमाणपत्र जारी गरिएको मिति "रेइवा ८ (सन् २०२६) जुलाई १" वा सोभन्दा पछिको मिति उल्लेख गरिएको पक्का गर्नुहोस्।

वार्षिक आय ४९ लाख येन भन्दा कम भएका घरपरिवार र घरायसी आर्थिक अवस्थामा अचानक परिवर्तन आएका घरपरिवार

	वार्षिक आय ४९ लाख येन भन्दा कम भएका घरपरिवार	घरायसी आर्थिक अवस्थामा अचानक परिवर्तन आएका घरपरिवार
3	**माई नम्बर सङ्कलन फारम** (मेट्रोपोलिटन हाई स्कूलको प्रशासन तथा व्यवस्थापन कार्यालयमा मात्र वितरण गरिन्छ) ※ यदि माई नम्बर सङ्कलन फारम पहिले नै पेश गरिसकिएको छ भने, पेश गर्नु आवश्यक छैन। ※ जीवनसाथी कटौती आदिका कारण करसम्बन्धी विवरण पुष्टि गर्न नसकिएको खण्डमा, छुट्टै कर प्रमाणपत्र आदि बुझाउन अनुरोध गरिन सक्छन्।	**घरायसी आर्थिक अवस्थामा अचानक परिवर्तन आएको कारण पुष्टि गर्ने कागजातहरू** काम छोडेको पर्ची (離職票), रोजगार बीमा प्राप्त गर्न योग्यता प्रमाणपत्र (雇用保険受給資格者証), कामबाट बर्खास्त गरिएको पत्र (解雇通告書), टाट पल्टेको घोषणा पत्र (破産宣告通知書), व्यवसाय बन्द गरेको विवरण पत्र (廃業等届出), काम स्थगित भएको जानकारी (休業案内) आदि **घरायसी आर्थिक अवस्थामा अचानक परिवर्तन आउनु अघिको आय पुष्टि गर्ने कागजातहरू** अभिभावक आदि सबै जनाको कुनै एक कागजात ● रेइवा ८ (सन् २०२६) को बसोबास कर प्रमाणपत्र (住民税課税証明書) ● रेइवा ८ (सन् २०२६) को विशेष कट्टी कर रकमको सूचनापत्र (特別徴収税額通知書) ● रेइवा ८ (सन् २०२६) को बसोबास कर भुक्तानीको सूचनापत्र (住民税納税通知書) **घरायसी आर्थिक अवस्थामा अचानक परिवर्तन आएपछिको आय पुष्टि गर्ने कागजातहरू** (अभिभावक आदि सबै जनाको) कम्पनीले तयार पारेको अनुमानित तलब विवरण, हालैको तलब विवरण (३ महिनाको) आदि कर सचीव वा सार्वजनिक लेखापालले तयार पारेका प्रमाणपत्र कागजातहरू आदि **आश्रित परिवारको उमेर र संख्या पुष्टि गर्ने कागजातहरू** आश्रित परिवारको विवरण उल्लेख गरिएको बसोबास कर प्रमाणपत्र आदि, पालन-पोषण सम्बन्धी प्रतिबद्धता पत्र (☆)
4	**बसोबास पत्रको प्रतिलिपि वा बसोबास तथ्य उल्लेखित प्रमाणपत्र (☆) (प्रतिलिपि/फोटोकपी स्वीकार्य छैन)** अभिभावकसँग सम्बन्धित "बसोबास सुरु भएको मिति" "रेइवा ८ (सन् २०२६) जुलाई १" वा सोभन्दा अघिको मिति उल्लेख गरिएको र प्रमाण पत्र जारी गरिएको मिति "रेइवा ८ (सन् २०२६) जुलाई १" वा सोभन्दा पछिको मिति उल्लेख गरिएको पक्का गर्नुहोस्।	
5	**टोक्यो राष्ट्रीय तथा सार्वजनिक हाई स्कूलहरू आदि अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति अनुदान आवेदनसम्बन्धी सहमति पत्र** (मेट्रोपोलिटन हाई स्कूलको प्रशासन तथा व्यवस्थापन कार्यालयमा मात्र वितरण गरिन्छ) ※ अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति अनुदानको स्वीकृति प्रक्रियाका लागि हाई स्कूल आदि अध्ययन सहयोग भत्ताको स्वीकृतिको आवेदन वा भत्ता पाएको अवस्थासम्बन्धी विवरण प्रयोग गर्न सहमति नदिएमा, वा अध्ययन सहयोग भत्ताको छानबिनमा राष्ट्रियता निर्धारण नतिजा अस्पष्ट भएमा, विद्यार्थी स्वयंको राष्ट्रियता उल्लेख भएको बसोबास पत्र आदि बुझाउन अनुरोध गरिन सक्छन्।	
6	(विद्यार्थी स्वयंको कुनै अभिभावक/संरक्षक नभएको र अन्य व्यक्तिको आयबाट जीविकोपार्जन भइरहेको खण्डमा) **पालन-पोषण सम्बन्धी प्रतिबद्धता पत्र (☆)**	

※ विद्यार्थी स्वयंको राष्ट्रियता "जापान" बाहेक अन्य भई, बसोबास योग्यता "डिपेन्डेन्ट (家族滞在)" हो भने, प्राथमिक वा जुनियर हाई स्कूलको स्नातक प्रमाण पत्रको प्रतिलिपि वा स्नातक प्रमाण पत्र पेश गर्नुहोस्।

※ ☆ चिन्ह लगाइएका कागजातहरू विद्यार्थी अध्ययनरत मेट्रोपोलिटन स्कूलको प्रशासन तथा व्यवस्थापन कार्यालय वा टोक्यो महानगर शिक्षा समितिको वेबसाइटबाट रेइवा ८ (सन् २०२६) जुलाई पछि प्राप्त गर्न सकिनेछ।

別紙1

6 आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरू

(1) एक पटक पेश गरिएका कागजातहरू फिर्ता गरिने छैनन्, त्यसैले यदि तपाईंलाई मूल (Original) कागजात आफूसँग राख्न आवश्यक छ भने, त्यसको प्रतिलिपि (Copy) पेश गर्नुहोस्। प्रतिलिपि पेश गर्दा नाम आदि स्पष्टसँग बुझिने गरी फोटोकपी गर्नुहोस्।

(2) कानुनी अभिभावक वा नाबालिग संरक्षक निम्नलिखित चार मध्ये कुनै एकमा पर्दछन् भने, ती व्यक्तिको आय छानबिनको दायरामा समावेश गरिने छैन।
उक्त व्यक्तिको आय पुष्टि गर्न सकिने कागजात बुझाउन आवश्यक पर्दैन, त्यसैले प्रक्रियागत रूपमा कानुनी अभिभावक वा नाबालिग संरक्षक नभएको मानी आवश्यक कागजातहरू बुझाउनुहोस्।

① अस्थायी रूपमा अभिभावकीय अधिकार प्रयोग गर्ने बाल परामर्श केन्द्रको प्रमुख ② बाल कल्याण संस्थाको प्रमुख ③ संस्था/कम्पनीको रूपमा रहेको नाबालिग संरक्षक
④ सम्पत्ति सम्बन्धी अधिकार मात्र प्रयोग गर्न पाउने नाबालिग संरक्षक

■ पेश गरिएको व्यक्तिगत विवरणको प्रयोग/व्यवस्थापनसम्बन्धी
यस प्रणाली अन्तर्गत, टोक्यो महानगर शिक्षा समितिद्वारा सङ्कलन गरिने विद्यार्थी तथा अभिभावक आदिको व्यक्तिगत विवरणहरू कानून अनुसार उचित रूपमा व्यवस्थापन गरिनेछ। साथै, अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति अनुदानसम्बन्धी कार्यहरू अन्य सेवा प्रदायकलाई जिम्मा लगाई सञ्चालन गराउँदा, सो जिम्मा दिइएको पक्षमाथि आवश्यक र उचित निगरानी राखिनेछ।
पेश गरिएका आय पुष्टि गर्ने कागजातहरू अन्य अध्ययन सहयोगसम्बन्धी कार्यक्रमहरू (हाई स्कूल आदि अध्ययन सहयोग भत्ता (高等学校等就学支援金), हाई स्कूल विद्यार्थी आदि नयाँ अध्ययन सहयोग भत्ता (高校生等・新修学支援金), टोक्यो मेट्रोपोलिटन हाई स्कूल आदि छात्रवृत्ति अनुदान (東京都立学校等給付型奨学金), टोक्यो मेट्रोपोलिटन हाई स्कूल पुनः अध्ययन सहयोग भत्ता (東京都立学校等学び直し支援金)) मा प्रयोग गर्न सकिनेछ।

7 पेश गर्ने म्याद र पेश गर्ने ठाउँ आदि

अभिभावकको ठेगाना र विद्यार्थी स्वयं अध्ययनरत विद्यालय अनुसार पेश गर्ने म्याद र पेश गर्ने ठाउँ फरक-फरक हुने भएकाले कृपया ध्यान दिनुहोस्।

रेइवा ८ (सन् २०२६) जुलाई १ को मितिमा अभिभावक आदि बसोबास गरेको ठेगाना	रेइवा ८ (सन् २०२६) जुलाई १ मा विद्यार्थी अध्ययनरत विद्यालय	पेश गर्ने ठाउँ	पेश गर्ने म्याद ※ कागजातमा कुनै त्रुटि भएमा मिलाउनका सकियोस् भनेर सक्दो चाँडै पेश गर्नुहोस्।
टोक्यो महानगर	मेट्रोपोलिटन हाई स्कूल मेट्रोपोलिटन माध्यमिक शिक्षा विद्यालय (दोस्रो सेमेस्टरको पाठ्यक्रम)	रेइवा ८ (सन् २०२६) जुलाई १ को मितिमा विद्यार्थी अध्ययनरत मेट्रोपोलिटन हाई स्कूल आदि	**रेइवा ८ (सन् २०२६) सेप्टेम्बर १५ मंगलबार**
	मेट्रोपोलिटन बाहेकका राष्ट्रिय तथा सार्वजनिक हाई स्कूल आदि	टोक्यो महानगर शिक्षा बोर्ड मेट्रोपोलिटन स्कूल शिक्षा विभाग हाई स्कूल शिक्षा शा	
	टोक्यो भित्र तथा बाहिरका निजी हाई स्कूलहरू	टोक्यो महानगर निजी विद्यालय अध्ययन सहयोग भत्ता केन्द्रमा सम्पर्क गर्नुहोस्। ☎ ०३ (५२०६) ७९२५	
टोक्यो बाहेकका अन्य प्रिफेक्चरहरू	रेइवा ८ (सन् २०२६) जुलाई १ को मितिमा तपाईं बसोबास गरिरहनुभएको प्रिफेक्चरको शिक्षा समिति आदिमा सम्पर्क गर्नुहोस्।		

8 सम्पर्क/सोधपुछ

विद्यार्थी स्वयं मेट्रोपोलिटन हाई स्कूल वा मेट्रोपोलिटन माध्यमिक शिक्षा विद्यालयमा अध्ययनरत रहेका घरपरिवार	विद्यार्थी स्वयं अध्ययनरत रहेको हाई स्कूल आदिको प्रशासन तथा व्यवस्थापन कार्यालय
विद्यार्थी स्वयं मेट्रोपोलिटन हाई स्कूल आदि बाहेकका राष्ट्रिय तथा सार्वजनिक हाई स्कूल आदिमा अध्ययनरत रहेका घरपरिवार	जिप १६३-८००१ २-८-१ निशि-शिन्जुकु, शिन्जुकु-कु, टोक्यो-तो, टोक्यो महानगर सरकारी कार्यालय दोस्रो भवन, १५ औँ तला, टोक्यो महानगर शिक्षा बोर्ड, मेट्रोपोलिटन स्कूल शिक्षा विभाग, हाई स्कूल शिक्षा शाखा, लेखा फाँट ☎ ०३ (५३२०) ७८६२ (कार्यदिन ९:०० ~ १७:४५)

東京都教育委員会